# आधारभूत स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

## उपचारात्मक सेवा महाशाखा

टेकु, काठमाण्डौ

प्रमुख

**प्रस्तावना**: आधारभूत स्वास्थ्य सेवा सम्बन्धी संविधान प्रदत्त मौलिक हक कार्यान्वयनका लागि स्थानीय तहबाट गुणस्तरीय निःशुल्क आधारभूत स्वास्थ्य सेवाको नियमित प्रवाह गर्न जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो कार्यविधि तर्जुमा गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आधारभूत स्वास्थ्य सेवा संचालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले जनस्वास्थ्य सेवा नियमावली २०७७ मा आधारभूत स्वास्थ्य सेवाको रुपमा परिभाषित गरिएका स्वास्थ्य सेवाहरू सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले जनस्वास्थ्य सेवा नियमावली, २०७७ सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य क्षेत्र हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले संविधान बमोजिम स्थापना भएका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका सम्झनु पर्छ।

(च) "स्वास्थ्य संस्था" भन्नाले आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने स्वास्थ्य संस्थालाई जनाउँछ।

(छ) "स्तरीय उपचार पद्धति" भन्नाले आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत भएको "आधारभूत स्वास्थ्य सेवाका लागि स्तरीय उपचार पद्दति २०७८" भन्ने सम्झनु पर्छ ।

## परिच्छेद २

## सेवा सञ्चालन सम्बन्धी व्यवस्था

३. स्वास्थ्य संस्थाको सञ्चालन : (१) स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

(२) स्वास्थ्य संस्थामा नागरिकहरूले निःशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा पाउन सक्ने सम्बन्धी सूचना टाँस गर्नु पर्नेछ।

(३) स्वास्थ्य संस्थामा आकस्मिक स्वास्थ्य सेवाको उपलब्धताबारे सूचना टाँस गर्नु पर्नेछ।

(४) आकस्मिक स्वास्थ्य सेवाको चौबिसै घण्टा उपलब्धताका लागि आवश्यकता अनुसार स्वास्थ्यकर्मी उपस्थित हुन सक्ने व्यवस्था गर्नु पर्नेछ।

(५) स्वास्थ्य संस्थाको सञ्चालन समय र उपलव्ध सेवाहरूबारेको विवरण नागरिक वडापत्रमा उल्लेख गर्नु पर्नेछ।

(६) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना र पदाधिकारीहरुको नाम सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

४. उपचार पद्धति सम्बन्धी व्यवस्थाः (१) सेवाग्राहीलाई सेवा प्रदान गर्दा “आधारभूत स्वास्थ्य सेवाका लागि स्तरीय उपचार पद्धति, २०७८” अनुसार गर्नु पर्नेछ। "स्तरीय उपचार पद्धति २०७८" मन्त्रालयको वेबसाइटमा उपलब्ध छ।

(२) सेवाग्राहीलाई प्रदान गरिने सेवाको प्रकृति तथा प्रकृयाबारे पूर्व जानकारी गराउनु पर्नेछ।

(३) सेवाग्राहीको उपचारका लागि शारीरिक जाँच गर्नु परेमा सो बारे जानकारी गराई अनुमति लिनु पर्नेछ।

(४) सेवाग्राहीको प्रजनन् स्वास्थ्य सम्बन्धी शारीरिक परिक्षण पुरुष स्वास्थ्यकर्मीबाट गर्नुपर्ने अवस्थामा सेवाग्राहीको संरक्षक/सहयोगी वा महिला कर्मचारीको उपस्थितिमा गर्नु पर्नेछ।

(५) स्वास्थ्य सेवा प्रदान गर्दा सेवाग्राहीको उपचार सम्बन्धी उपलब्ध विवरण तथा कागजातहरु समेतको अध्ययन गरी आवश्यक निदान तथा उपचारको व्यवस्था गर्नु पर्नेछ।

(६) प्रयोगशाला वा अन्य निदानात्मक परीक्षण गर्नु परेमा त्यसको आवश्यकता र औचित्यबारे सेवाग्राहीलाई जानकारी दिनु पर्नेछ।



शाखा प्रमुख

(७) औषधिको नाम लेख्दा जेनेरिक नाममा लेख्नु पर्दछ।

(८) औषधि वा उपचार बारेको विवरण सेवाग्राहीले बुझ्न सक्ने गरी लेख्नु पर्नेछ र सो बारेमा सेवाग्राहीलाई जानकारी दिनु पर्नेछ।

५. औषधि तथा औषधिजन्य सामग्रीको व्यवस्था: (१)आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक निशुल्क आधारभूत औषधि संघ, प्रदेश र स्थानीय तहले खरिद वर्गीकरण अनुरुप निरन्तर सुनिस्चितता गर्नु पर्नेछ।

(२) स्थानीय तहले औषधि तथा औषधिजन्य सामग्रीको खरिद गर्दा मन्त्रालयले जारी गरेको 'आधारभूत स्वास्थ्य सेवाका औषधि तथा औषधिजन्य सामाग्रीहरुको खरिद बर्गीकरण' सुची अनुसार खरिद गर्नुपर्नेछ। सो को विवरण अनुसूची १ मा दिइएको छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहमा औषधि तथा औषधिजन्य सामग्री बाह्रै महिना उपलब्धताको सुनिस्चितता गर्नको लागि स्थानीय तहले संघ तथा प्रदेशबाट प्राप्त हुने औषधि तथा औषधिजन्य सामग्रीमा दोहोरोपन नहुने गरि सो सामग्रीहरु खरिद गर्न सक्नेछ।

(४) औषधिको गुणस्तर सुनिश्चितताका लागि मन्त्रालयले तर्जुमा गरेको टेक्निकल स्पेसिफिकेसन बैंकमा उल्लेख भए बमोजिम हुने गरी खरिद गर्नु पर्नेछ।

(५) स्थानीय तह र स्वास्थ्य संस्थाले औषधि तथा औषधिजन्य सामग्रीको उचित भण्डारण, वितरण र समुचित प्रयोगको व्यवस्था गर्नु पर्नेछ।

(६) खरिद सम्बन्धी अन्य प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार गर्नु पर्नेछ।

६. सेवा प्रवाहको आन्तरीक व्यवस्थापन: (१) ओ.पी.डी. सेवा, अन्तरङ्ग सेवा, प्रसुति सेवा तथा आकस्मिक सेवाको नियमित सुनिश्चितताका लागि स्वास्थ्य संस्थाले साप्ताहिक ड्यूटी रोस्टर (Duty Roster) बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(२) नियमावलीमा उल्लेख भए अनुसारका सेवाग्राहीको सबै विवरण डिस्चार्ज पुर्जामा उल्लेख गर्नु पर्नेछ।

(३) डिस्चार्ज पुर्जामा उल्लेखित महत्वपूर्ण विवरण डिस्चार्ज रजिस्टरमा अभिलेख राख्नु पर्नेछ र क्रमशः यसलाई डिजीटलाइज गर्दै लगिनेछ ।

(४) डिस्चार्ज पुर्जामा उपचारमा संलग्न स्वास्थ्यकर्मी/चिकित्सकले हस्ताक्षर गर्नु पर्नेछ ।

शाखा प्रमुख

(५) डिस्चार्ज पुर्जामा डिस्चार्जको मिति उल्लेख गरी स्वास्थ्य संस्थाको छाप लगाएपछि मात्र सेवाग्राहीलाई दिनु पर्नेछ।

७. **<u>प्रेषण प्रक्रिया</u>:** (१) सेवाग्राहीलाई अन्यत्र प्रेषण गर्नु पूर्व स्वास्थ्य संस्थामा उपलब्ध भए बमोजिमका सेवा प्रदान गर्नु पर्नेछ।

(२) सेवाग्राहीलाई आवश्यक पर्ने सेवा स्वास्थ्य संस्थामा उपलब्ध नभएमा सेवाग्राहीको अवस्था स्थिर (स्टेबल) गरेर मात्र प्रेषण गर्नु पर्नेछ।

(३) सेवाग्राहीलाई प्रेषण गर्दा प्रेषण पुर्जा (रिफरल स्लिप) सहित प्रेषण गर्नु पर्नेछ।

(४) प्रेषित गरिएको स्वास्थ्य संस्थालाई प्रेषण सम्बन्धमा अग्रिम जानकारी गराउनु पर्नेछ।

(५) प्रेषण सम्बन्धी आवश्यक जानकारी सेवाग्राही वा सेवाग्राहीको संरक्षकलाई प्रदान गर्नु पर्नेछ।

(६) विपन्न तथा असहाय सेवाग्राहीलाई आकस्मिक स्वास्थ्य सेवाको सहज उपलब्धताका लागि स्थानीय तहले कोष निर्माण गरी यातायात लगायत आवश्यक सेवाको व्यवस्थापन गर्न सक्नेछन्।

(७) प्रेषित गरिएको सेवाग्राहीको विवरण अभिलेखिकरण तथा अद्यावधिक गर्नु पर्नेछ।

(८) प्रेषणको लागि स्थानीय तहमा एम्बुलेन्स सेवा उपलब्ध भएमा सो सम्बन्धी जानकारी स्वास्थ्य संस्थाको नागरिक बडापत्रमा उल्लेख गर्नु पर्नेछ।

## परिच्छेद ३

## <u>स्वास्थ्य पूर्वाधार तथा सुरक्षित कार्यस्थल सम्बन्धी व्यवस्था</u>

८. <u>स्वास्थ्य संस्था भवन पूर्वाधार निर्माण तथा आधारभूत सुरक्षाको व्यवस्था:</u> (१) स्वास्थ्य संस्था सेवाग्राही मैत्री (मुख्यतः अपाङ्गता, जेष्ठ नागरीक, बाल र महिला मैत्री) हुने गरी सञ्चालन गर्नु पर्नेछ।

(२) अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरीकका लागि आवश्यक सहायक समाग्री (जस्तैः ह्विल चेयर) स्वास्थ्य संस्थामा उपलब्ध गराउनु पर्नेछ।

(३) मुख्य तथा सहायक मार्गमा बाहिर निस्कने संकेतहरु स्पष्ट रुपमा देखिने गरी राख्नु पर्नेछ।

(४) प्रकोप तथा आपतकालीन अवस्थामा जम्मा हुनका लागि सुरक्षित स्थानको व्यवस्था गर्नु पर्नेछ र उक्त स्थान सदैव पहुँच योग्य हुनु पर्नेछ।



शाखा प्रमुख

नेपाल ... स्वास्थ्य तथा ... रामशाहपथ, ...

(५) स्वास्थ्य संस्थामा हुन सक्ने संभावित दुर्घटना तथा क्षति न्यूनिकरणका लागि प्रतिरोधात्मक उपायहरुको व्यवस्था गर्नु पर्नेछ।

(६) स्वास्थ्य संस्थामा पानी तथा बिजुलीको नियमित उपलब्धताको व्यवस्था गर्नु पर्नेछ।

(७) आवश्यक परेको अवस्थामा प्रयोग गर्न सक्ने गरी फ्ल्यासलाइट, सिट्टी, महत्वपूर्ण टेलिफोन नंबर, स्यान्ड बक्स, आगो नियन्त्रणका उपकरण उपयुक्त स्थानमा राख्नु पर्नेछ।

९. <u>सुरक्षित कार्यस्थल</u>: (१) स्वास्थ्य संस्थाबाट उपचारको क्रममा रोगको संक्रमण रोक्ने वा न्यूनीकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ अनुसारका संक्रमण रोकथाम तथा नियन्त्रणका उपायहरु अबलम्बन गर्नु पर्नेछ।

(३) संक्रामक रोग (जस्तैः कोभिड) लागेका सेवाग्राहीहरुलाई आवश्यकता अनुसार मापदण्ड अनुरुपको आइसोलेसनमा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(४) स्वास्थ्य संस्थामा प्रयोग हुने धारिला औजारहरु तथा अन्य जोखिमयुक्त औषधि तथा औषधिजन्य पदार्थहरु सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) विद्युतीय उपकरण तथा विकिरण प्रवाह गर्ने उपकरण सुरक्षित स्थानमा राख्ने र जानकार व्यक्तिले मात्र चलाउने व्यवस्था गर्नु पर्नेछ।

(६) विकिरणको असर र संक्रमणको जोखिमबाट सम्बन्धित कर्मचारीलाई जोगाउन आवश्यक सुरक्षा सामग्री तथा कुनै खास उपाय अवलम्बन गर्नुपर्ने भए सो को प्रबन्ध गर्नु पर्नेछ।

## परिच्छेद ४

## <u>सेवाको गुणस्तर सुधार तथा फोहोर मैलाको व्यवस्थापन</u>

१०. <u>सेवाको गुणस्तर मूल्याङ्कन र सुधारको प्रबन्ध</u>: (१) स्वास्थ्य संस्था व्यवस्थापन समितिसँगको समन्वयमा आधारभूत स्वास्थ्य सेवाका लागि तर्जुमा गरिएको न्यूनतम सेवा मापदण्ड बमोजिम बर्षमा कम्तिमा दुई पटक स्व-मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) न्यूनतम सेवा मापदण्डको स्वास्थ्य संस्थास्तरमा नियमित पालना हुने गरे वा नगरेको अनुगमन गर्नु पर्नेछ।

शाखा प्रमुख

(३) न्यूनतम सेवा मापदण्डको स्वमूल्याङ्कनमा प्राप्त नतिजा स्वास्थ्य संस्था तथा सम्बन्धित स्थानीय तहस्तरमा सार्वजनिकरण गर्नु पर्दछ।

(४) न्यूनतम सेवा मापदण्डको मूल्याङ्कनका आधारमा देखिएका कमी कमजोरी सुधारका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था गर्नु पर्नेछ।

(५) सङ्घीय र प्रादेशिक मापदण्ड अनुरुप हुने गरी आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताका लागि स्थानीय तहले गुणस्तर सूची (चेक लिस्ट) तयार गरी कार्यान्वयन गर्न सक्नेछन्।

११. <u>फोहोर मैलाको व्यवस्थापन</u>: (१) स्वास्थ्य संस्थाजन्य फोहोर मैला व्यवस्थापनका लागि कार्य योजना बनाउनु पर्नेछ।

(२) स्वास्थ्य संस्थाजन्य फोहोर मैला स्वास्थ्य संस्थास्तरमै निसंक्रमण गरी स्थानीय तहको समन्वयमा बिसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) स्वास्थ्य संस्थाजन्य फोहोर मैला व्यवस्थापन सम्बन्धी विषयबस्तु सामाजिक परिक्षणको छलफलमा पनि समेट्नु पर्नेछ।

(४) स्वास्थ्य संस्थाको फोहोर मैला सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तर्जुमा गरेको "स्वास्थ्य संस्था जन्य फोहोर मैला व्यवस्थापन निर्देशिका २०१४" अनुसार गर्नु पर्नेछ।

## परिच्छेद ५

## <u>सेवाग्राहीका अधिकार सुरक्षित गर्ने थप व्यवस्था</u>

१२. <u>सेवाग्राहीको गोपनियता</u>: (१) लैङ्गिक हिंसा, गर्भपतन, परिवार योजना जस्ता सामाजिक रुपले संवेदनशील विषयहरुमा सेवा उपलब्ध गराउँदा सेवाग्राहीको गोपनियता सुनिश्चित हुने गरी जाँच कक्षको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका सेवा लिने सेवाग्राहीको अभिलेखिकरण र प्रतिवेदन गर्दा ब्यक्तिगत गोपनियता कायम गर्नुपर्नेछ।

(३) सेवाग्राहीको गोपनियताको लागि न्यूनतम सेवा मापदण्ड बमोजिमको थप प्रावधानहरु पालना गर्नु पर्नेछ।

शाखा प्रमुख

१३. <u>सेवाग्राहीका अधिकार सम्बन्धी थप व्यवस्था:</u> (१) सेवाग्राहीका अधिकारबारे सूचना पाटीमा उल्लेख गरेको हुनु पर्नेछ।

(२) सङ्घ, प्रदेश र स्थानीय तहबाट लक्षित समूहका लागि प्रबन्ध गरिएका स्वास्थ्य सम्बन्धी विशेष सेवा, सहुलियत र प्रक्रियाबारे आवश्यकता अनुसार सम्बन्धित समूहलाई जानकारी दिनु पर्नेछ।

(३) सेवाग्राहीले सेवा नपाएमा उजुरी गर्न वा सेवा सम्बन्धी गुनासोका लागि गुनासो अधिकारी तोक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तोकिएको अधिकारीको नाम, पद, सम्पर्क नम्बर बारे स्पष्ट जानकारी प्रदान गर्नु पर्नेछ।

(५) स्वास्थ्य संस्थामा गुनासो पेटिकाको व्यवस्था गर्नु पर्नेछ।

(६) सेवाग्राहीको आवश्यकता अनुसार विना भेदभाव उपलब्ध भए बमोजिम मनोसामाजिक तथा उपचार सम्बन्धी परामर्श सेवा समेत प्रदान गर्नु पर्नेछ।

(७) पहिले आउने सेवाग्राहीलाई पहिले सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ। तर आवश्यकता अनुसार आकस्मिक अवस्थाका विरामी, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, तथा प्रेषण भई आउने जस्ता प्राथमिकतामा भएका वर्गका लागि विशेष व्यवस्था गर्नु पर्नेछ।

(८) स्वास्थ्य संस्थामा सामाजिक सेवा इकाईले सेवाग्राहीलाई आवश्यक सहजीकरणका गर्नेछ।

## परिच्छेद ६

## <u>सुशासन तथा वित्तीय स्रोतको व्यवस्था</u>

१४. <u>कार्यक्रम तथा सेवाको व्यवस्थापन:</u> (१) आधारभूत स्वास्थ्य सेवाको ब्यबस्थापन र प्रगतिको लागि स्थानीय तहका प्रमुखले आवश्यक संयन्त्र बनाइ अनुगमनको सुनिश्चितता गर्न सक्नेछ। यसको लागि स्थानीय तहमा 'अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वायन कार्यविधि, २०७७' अनुसार गठन भएको "स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुध्रिढीकरण समिति" प्रति सहयोगी बन्न सक्नेछ । सो समितिका सदस्यहरू अनुसूची २ उल्लेख गरिएको छ।



शाखा प्रमुख

(२) स्थानिय तहले आधारभूत स्वास्थ्य सेवा मुलतः आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पताल मार्फत प्रदान गर्नेछन्।

(३) स्थानीय तहले सङ्घ तथा प्रदेश अन्तर्गतका अस्पतालहरुमा आधारभूत स्वास्थ्य सेवा इकाई स्थापना गरि आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि सो अस्पतालहरुसँग साझेदारी गर्न सक्नेछन्।

(४) सार्वजनिक बाहेकका अन्य प्रकारका स्वास्थ्य संस्थाहरुले स्थानिय सरकारसंगको रणनैतिक साझेदारीमा आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्न सक्ने छन्।

(५) आधारभूत स्वास्थ्य सेवाको पहुँच सर्वसुलभ गराउने प्रयोजनका लागि स्थानीय तहले स्वास्थ्य संस्था बाहेक अन्यत्रबाट निश्चित सेवा वा समुदाय लक्षित गरी (जस्तैः विद्यालय स्वास्थ्य; समुयदायस्तरमा दिइने सेवा) सेवा प्रदान गर्न सक्नेछन्।

(६) उपदफा (३), (४) र (५) को कार्यान्वयनका लागि सो सँग सम्बन्धित कार्यविधि तर्जुमा गरी सम्बन्धित स्थानीय तह बाट स्वीकृत गराउनु पर्नेछ।

(७) उपदफा (३), (४) र (५) बमोजिम सेवा प्रदान गर्दा मन्त्रालयले जारी गरेका उक्त सेवा वा कार्यक्रमसँग सम्बन्धित प्रकृया र मापदण्ड अनुसरण गर्नु पर्नेछ।

**१५. <u>अभिलेख तथा प्रतिवेदनः</u>** (१) प्रत्येक सेवाग्राहीलाई प्रदान गरिएको सेवाको विवरण मन्त्रालयले तर्जुमा गरेको अभिलेखनको ढाँचा (जस्तैः स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, स्वास्थ्य सामग्री आपूर्ति व्यवस्थापन सूचना प्रणाली) बमोजिम अभिलेख राख्नु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले प्रदान गरेको आधारभूत स्वास्थ्य सेबाको प्रतिवेदन हरेक महिना तयार गरी सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(३) स्थानीय तहले स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाको उपयोग लगायतका सूचना एवं तथ्याङ्कहरू निर्दिष्ट सूचना पद्दति मार्फत नियमित रुपमा प्रतिवेदन गर्नु पर्नेछ।

(४) स्वास्थ्य संस्था र समुदाय स्तरमा सञ्चालन गरिएका आधारभूत स्वास्थ्य सेवा लगायत जनस्वास्थ्य सम्बन्धी कार्य तथा प्रगति मासिक रुपमा सम्बन्धित स्वास्थ्य संस्था तहमा समीक्षा गर्नु पर्नेछ।

(५) स्वास्थ्य संस्था व्यवस्थापन समितिको बैठकमा छलफल गरिएका विषयवस्तु र सो सम्बन्धी निर्णयहरुको माइन्यूट नियमित रुपमा राख्नु पर्नेछ।

(६) पालिकास्तरको स्वास्थ्य सम्बन्धी बिषयबस्तु समेटिने गरी पालिका स्तरीय पार्श्वचित्र तथा श्रोत नक्सा (रिसोर्स म्यापिङ्ग) को अभिलेखन गरी बार्षिक रुपमा अद्यावधिक गर्नु पर्नेछ।



शाखा प्रमुख

(७) सबै अभिलेख तथा प्रतिवेदनहरु सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

१६. **कार्यक्रम तथा सेवाको प्रगति अनुगमन:** (१) स्थानीय तहले आधारभूत स्वास्थ्य सेवाको उपलब्धता र उपयोगिताको बारेमा निरंतल अनुगमन गर्नु पर्ने छ । आधारभूत स्वास्थ्य सेवाको अनुगमनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्माण गरेको अनुगमन ड्याशबोर्डको माध्यमबाट गर्न सक्ने छ ।

(२) स्थानीय तहले आधारभूत स्वास्थ्य सेवा प्रवाह सम्बन्धी प्राथमिकतामा परेका मुख्य सुचकहरुको वडा स्तरको लक्ष्य निर्धारण गरि सोको अनुगमन गर्नु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाको वार्षिक वा आवधिक कार्य योजना र यसको कार्यान्वयन स्थितिको नियमित अभिलेख राख्नु पर्नेछ।

(४) सेवा प्रवाह तथा जनस्वास्थ्य सम्बन्धी कार्य प्रगति चौमासिक तथा बार्षिक रुपमा स्थानीय तहमा समीक्षा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम गरिने समीक्षामा औंलाइएका कमी कमजोरीहरु संवोधन गर्ने गरी कार्ययोजनामा सुधार गर्दै लैजानु पर्दछ।

(६) स्वास्थ्य सेवा प्रवाह र उपयोग सम्बन्धी आवधिक तथा बार्षिक प्रगति विभिन्न माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ।

(७) स्वास्थ्य सेवाहरुको उपयोगको विवरण, बजेटको विनियोजन तथा उपयोगको अवस्था, बर्षभरी सञ्चालन गरिएका कार्यक्रमको प्रगति एवं चुनौति तथा आगामी प्राथमिकताका लगायतका बिषयहरु सम्बन्धित पालिकाको वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

१७. **सामाजिक परिक्षण:** (१) स्थानीय तहको स्वास्थ्य संस्थाको सामाजिक परिक्षण गर्दा मन्त्रालयले जारी गरेको "स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता संघिय मार्गदर्शन, २०७७" अनुसार स्थानीय तहमा सामाजिक परिक्षण गर्नु पर्नेछ।

(२) वार्षिक कार्ययोजनामा सामाजिक परिक्षण कार्यक्रम समावेश गरी सो कार्यक्रम बार्षिक रुपमा सञ्चालन गर्नुपर्नेछ।

(३) सामाजिक परिक्षण कार्यक्रम सञ्चालन गर्नु भन्दा निश्चित दिन पहिले नै सो सम्बन्धी पूर्व जानकारी सरोकारवालाहरूलाई दिनु पर्नेछ।

(४) सामाजिक परिक्षणमा भएका प्रमुख छलफल तथा सुझावहरु समेटेर प्रतिवेदन तयार गर्नु पर्नेछ।



शाखा प्रमुख

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

(५) प्रतिवेदनमा समेटिएका सुझावहरूलाई स्थानीय सरकारले यथासंभव कार्यान्वयन गर्नु पर्नेछ।

(६) सामाजिक परिक्षणमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुको सहभागिता गराउनु पर्नेछ।

१८. <u>वित्तीय स्रोतको व्यवस्थाः</u> (१) आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई लक्षित गरी नेपाल सरकारबाट सशर्त अनुदानका रुपमा स्थानीय तहलाई वित्तीय श्रोत उपलब्ध हुनेछ।

(२) आधारभूत स्वास्थ्य सेवाका लागि स्थानीय तहलाई सशर्त बजेट बिनियोजन गर्दा कार्यक्रमको सान्दर्भिकता, जनसंख्या, सेवाको उपयोग र भूगोललाई समेत आधारमा गरिनेछ।

(३) प्रादेशिक आवश्यकता अनुरुप प्रदेश सरकारबाट आधारभूत स्वास्थ्य सेवा लक्षित गरी थप वित्तीय श्रोत उपलब्ध हुन सक्नेछ।

(४) सङ्घ तथा प्रदेशबाट प्राप्त हुने स्रोतका अतिरिक्त कार्यक्रममा बजेट अपुग भएमा स्थानीय तहमा सेवा सुनिश्चितताका लागि सम्बन्धित स्थानीय तहले आन्तरिक श्रोतबाट स्वास्थ्य क्षेत्रका लागि थप स्रोतको व्यवस्था गर्न सक्नेछन्।

(५) स्थानीय तहमा स्वास्थ्य क्षेत्रका लागि भएको खर्चको विवरण वार्षिक रुपमा सम्वन्धित प्रादेशिक र संङ्घीय मन्त्रालयमा प्रतिवेदन गर्नु पर्नेछ।

१९. <u>आधारभूत बाहेकका थप स्वास्थ्य सेवा सम्बन्धी व्यवस्थाः</u> (१) स्थानीय आवश्यकता अनुसार स्थानीय तहले आधारभूत स्वास्थ्य सेवा बाहेकका थप सेवा उपलब्ध गराउन सक्नेछन।

(२) उपदफा (१) बमोजिम थप सेवाहरु उपलब्ध गराउनका लागि आवश्यक पर्ने आर्थिक श्रोतको व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ।

## परिच्छेद ७

## <u>विविध</u>

२०. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।



शाखा प्रमुख

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ

२१. <u>कार्यविधिको संशोधन:</u> मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची १

| आधारभूत स्वास्थ्य सेवाका औषधि तथा औषधिजन्य सामाग्रीहरुको खरीद वर्गीकरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत स्वास्थ्य सेवा अन्तर्गतका औषधिहरु | | | | औषधि उपलब्ध हुनुपर्ने स्वास्थ्य संस्थाहरु | | खरिद तथा वितरणका लागि जिम्मेवार निकाय | | |
| क्र. सं. | औषधिको नाम | औषधिको बनावट | परिमाण/मात्रा (Strength) | आधारभूत स्वास्थ्य सेवा केन्द्र / स्वास्थ्य चौकी | आधारभूत अस्पताल / प्राथमिक स्वास्थ्य सेवा केन्द्र | स्थानीय सरकार | प्रदेश सरकार | संघीय सरकार |
| 1 | Acetylsalicylic acid (aspirin) | Tablet | 75mg | √ | √ | √ | | |
| 2 | Adrenaline (epinephrine) | Injection | 1mg in 1ml | √ | √ | | √ | |
| 3 | Albendazole | Chewable Tablet | 400mg | √ | √ | √ | | |
| | | Suspension | 200mg/5ml | √ | √ | √ | | |
| 4 | Aluminium hydroxide + Magnesium Hydroxide (antacid) | Tablet | 250mg + 250mg | √ | √ | √ | | |
| 5 | Amitriptyline | Tablet | 10mg | √ | √ | | √ | |
| | | | 25mg | | √ | | √ | |
| 6 | Amlodipine | Tablet | 5mg | √ | √ | | √ | |
| 7 | Amoxicillin | Oral Capsule | 500mg | √ | √ | √ | | |
| | | Powder for oral suspension | 125mg/5ml,100 ml | √ | √ | √ | | |
| | | Dispersible Tablets | 125mg | √ | √ | √ | | |
| | | | 250mg | √ | √ | √ | | |
| 8 | Ampicillin | Powder for IV/IM injection | 250mg vial | √ (IMIHNCI) | √ | | √ | |
| | | | 500mg vial | | √ | | √ | |
| 9 | Artemether + Lumefantrine (AL) (Artemisinin-based Combination Therapy – ACT) | Tablet | 20mg+120mg | √ | √ | | | √ |
| 10 | Artesunate | Injection | 60 mg ampoules | | √ | | | √ |
| 11 | Atropine | Injection | 0.6mg in 1ml ampoule | √ | √ | | √ | |
| 12 | Azithromycin | Tablets | 250mg | √ | √ | √ | | |
| | | | 500mg | √ | √ | √ | | |
| 13 | BCG vaccine | Injection | 0.05ml/dose | √ | √ | | | √ |
| 14 | Benzathine benzylpenicillin | powder for Injection | 1,200,000 IU | | √ | | √ | |
| 15 | Calamine | Lotion | 15% w/v,30ml | √ | √ | √ | | |
| 16 | Calcium gluconate | Injection | 1gm per 10ml (100mg/ml of 10 ml ) | √(Birthing Centre Only) | √ | | √ | |
| 17 | Carbamazepine | Tablets | 100mg | √ | √ | | √ | |
| | | | 200mg | √ | √ | | √ | |
| | | oral liquid | 100mg/5ml | √ | √ | | √ | |
| 18 | Cefixime | Tablet | 200mg | | √ | √ | | |
| 19 | Ceftriaxone | Powder for Injection | 250mg/ vial | | √ | | √ | |
| | | | 500mg/vial | | √ | | √ | |
| | | | 1gm w/vial | | √ | | √ | |
| 20 | Cetirizine HCL | Tablet | 10mg | √ | √ | √ | | |
| | | syrup | 5mg/5ml | √ | √ | √ | | |
| 21 | Charcoal, activated | Powder in sachet | 10gm | √ | √ | √ | | |
| 22 | Chlorhexidine (CHX) | Solution | Solution, 0.2% oral 50ml | √ | √ | √ | | |
| | | Ointment | 4%,5gm | √ | √ | | √ | |
| 23 | Chloroquine (CQ) | Tablet | 150mg | √ | √ | | | √ |
| 24 | Ciprofloxacin | Tablets | 250mg | √ | √ | √ | | |
| | | | 500mg | √ | √ | √ | | |
| | | Eye/Ear Drops | 0.3%w/v, 5ml , | √ | √ | √ | | |
| | | Eye ointment | 0.3%, 5g | √ | √ | √ | | |
| | | Injection | 200mg/100ml | | √ | | √ | |
| 25 | Clotrimazole | skin cream | 1%, 25g | √ | √ | √ | | |
| | | Vaginal Tablets | 100mg | √ | √ | √ | | |
| | | Mouth Paint | 1%w/v ,15 ml | √ | √ | √ | | |
| 26 | Clove Oil | Liquid | 5ml | √ | √ | √ | | |
| 27 | Cloxacillin | Capsules | 250mg | √ | √ | √ | | |
| | | | 500mg | √ | √ | √ | | |
| | | Powder for oral liquid | 125mg/5ml in100ml | √ | √ | √ | | |
| 28 | Combined Oral Contraceptive (COC) | Tablets | 30 pills,21 pills, containing 150mcg levonorgestrel and 30mcg ethinylestradiol and 7 pills containing iron | √ | | | | √ |
| 29 | Cotrimoxazole | Tablets | 400 mg + 80mg | √ | | | | |



शाखा प्रमुख

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (Sulphamethoxazole and Trimethoprim 5:1) | | 800mg + 160mg | √ | √ | √ | | |
| | | syrup | 200mg + 40mg/5ml, 50ml | √ | √ | √ | | |
| 30 | Dapsone, Clofazimine, Rifampicin (MDT Combi Pack) | Tablet | MB adult blister pack, MB child blister pack (a/c to DOTS Program ) | √ | √ | | | √ |
| 31 | Dexamethasone | Injection | 4mg in 1ml ampoule | | √ | | √ | |
| 32 | Dextrose (glucose) | Injection/soln | 5%,500ml | | √ | | √ | |
| | | | 25% of 50ml Amp | √(Birthing Centre Only) | √ | | √ | |
| 33 | Diazepam | Injection | 2ml amp (5mg/ml) | √ | √ | | √ | |
| | | Tablet | 5mg | √ | √ | | √ | |
| 34 | Diclofenac sodium | Tablet | 50mg, | √ | √ | √ | | |
| | | Injection | 3ml ampoule (25mg/ml) | √ | √ | | √ | |
| 35 | Doxycycline | capsule | 100mg | √ | √ | √ | | |
| 36 | Ferrous sulphate and folic acid | Tablet | 60mg elemental iron plus 400mcg folic acid | √(Birthing Centre Only) | √ | √ | | |
| 37 | FIPV vaccine | Injection | 0.1ml | √ | √ | | | √ |
| 38 | Fluconazole | Capsule | 150mg | √ | √ | √ | | |
| 39 | Fluoxetine | Capsule | 20mg | √ | √ | | √ | |
| 40 | Folic acid | Tablet | 5mg | √ | √ | √ | | |
| 41 | Furosemide | Tablet | 40mg | √ | √ | √ | | |
| 42 | Gentamicin | Injection | 40mg/ml in 2ml | √(IMNCI) | √ | | √ | |
| 43 | Gentian Violet | Aqueous solution | 1% , 10 ml | √ | √ | √ | | |
| 44 | Glimepiride | Tablets | 1mg | √ | √ | | √ | |
| | | | 2mg | √ | √ | | √ | |
| 45 | HPV vaccine | Injection | 0.5ml /dose | √ | √ | | | √ |
| 46 | HRZE | Tablet | Combination medication; H-INH, R- Rifampicin, Z- Pyrazinamide, E-Ethambutol A/c to DOTS Program | √ | √ | | | √ |
| 47 | Hydrocortisone | Powder for injection | 100mg in vial | | √ | | √ | |
| 48 | Hyoscine butylbromide | Injection | Inj 20mg/ml | | √ | | √ | |
| | | Tablet | 10mg | √ | √ | √ | | |
| 49 | Ibuprofen | Tablets | 200mg | √ | √ | √ | | |
| | | | 400mg | √ | √ | √ | | |
| | | Syrup | 100mg/5ml | √ | √ | √ | | |
| 50 | Japanese Encephalitis | Injection | 0.5ml/dose | √ | √ | | | √ |
| 51 | Levonorgestrel (LNG) | Implant | Implant (2 rods, 75mg each) Tab 0.75mg (2-tablet pack) | √ | √ | | | √ |
| 52 | Lignocaine hydrochloride | Injection | 2 % in vial,30 ml | √ | √ | √ | | |
| 53 | Lignocaine with adrenaline 1:10,000 | Injection | 2% plus Adrenalin 1:10,000,30 ml | | √ | √ | | |
| 54 | Losartan | Tablets | 25mg | √ | √ | | √ | |
| | | | 50mg | √ | √ | | √ | |
| 55 | Magnesium sulphate | Injection | 500mg/ml in 2ml ampoule | √(Birthing Centre Only) | √ | | √ | |
| 56 | Measles-Rubella Vaccine | Injection | 0.5ml/dose | √ | √ | | | √ |
| 57 | Medroxyprogesterone (Acetate DMPA) | Injection | 150mg/ml in 1 ml vial | √ | √ | | | √ |
| 58 | Metformin | Tablets | 500mg, | √ | √ | | √ | |
| | | | 1000mg | √ | √ | | √ | |
| 59 | Methyldopa | Tablet | Tab 250mg | | √ | | √ | |
| 60 | metoclopramide | Tablet | 10mg | √ | √ | √ | | |
| | | Solution | 5mg/5ml | √ | √ | √ | | |
| | | Injection | 5mg/ml in 2ml ampoule | √ | √ | | √ | |
| 61 | Metronidazole | Tablets | 200mg | √ | v | v | | |
| | | | 400mg | √ | v | v | | |
| | | Oral liquid | 200mg/5ml ,90 ml | √ | v | v | | |
| | | Injection | 500mg/100ml | | v | | v | |
| 62 | Mifepristone + Misoprostol | Tablet | combi pack includes 200mg + 4(200) mcg | v | v | | v | |
| 63 | Misoprostol | Tablet | 200mcg | v (Birthing Centre only) | v | | v | |
| 64 | Neomycin skin | Ointment | 2% w/w 10gm | v | v | v | | |
| 65 | Nifedipine | Tablet | 10mg | v | v | | v | |
| 66 | Nitrofurantoin | Tablet | 100mg | v | v | v | | |
| 67 | Normal Saline (NS) | Solution | 0.9% Infusion solution, 500ml | v | v | v | | |
| 68 | OPV (Oral Polio Vaccine ) | Oral | 2 drops /dose | v | v | | | v |
| 69 | Oral Rehydration Salts (ORS) | Powder | WHO formula sachet/ltrs | v | v | v | | |
| 70 | Oxygen | Inhalation | Medicinal Gas | v | v | | v | |
| 71 | Oxymetazoline | Nasal drop | 0.025%: 10ml, | v | v | v | | |
| | | | 0.05% 10ml | v | v | v | | |
| 72 | Oxytocin | Injection | 10 IU/ml | v (Birthing Centre only ) | v | | √ | |
| 73 | Paracetamol | Injection | 150mg/ml in 2ml ampoule | v | v | | √ | |
| | | Tablet | 500mg | v | v | v | | |
| | | Syrup | 125mg/5ml,50ml | v | v | v | | |



शाखा प्रमुख

नेपाल सरकार ... स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 74 | PCV vaccine (Pneumococcal Conjugate Vaccine) | Injection | 0.5ml | v | v | | | v |
| 75 | Pentavalent vaccine (DPT, Hep B & Hemophilus influenza B | Injection | 0.5ml | v | v | | | v |
| 76 | Permethrin | Lotion | 1% 100 ml | v | v | v | | |
| | | Cream | 5% w/v 30g | v | v | v | | |
| 77 | Pheniramine | Injection | 22.75mg/ml 2ml | v | v | | √ | |
| 78 | Phenobarbital | Tablet | 30mg | | v | | v | |
| | | Injection | 100mg/ml | | v | | √ | |
| 79 | Povidone iodine | Solution | 5%w/v 500ml | v | v | v | | |
| 80 | Pralidoxime sodium | Injection | 500mg,20ml | v | v | | √ | |
| 81 | Prednisolone | Tablets | 5mg | v | v | | v | |
| | | | 10mg | v | v | | v | |
| | | | 20mg | v | v | | v | |
| 82 | Primaquine | Tablet | 7.5mg | v | v | | | v |
| 83 | Pyridoxine | Tablet | 10mg | v | v | | | v |
| 84 | Ranitidine | Tablet | 150mg | v | v | v | | |
| | | Injection | 25mg/ml in 2ml ampoule | v | v | | v | |
| 85 | Ringer's Lactate (RL) | Solution | 500ml | v | v | v | | |
| 86 | Risperidone | Tablets | 1mg | v | v | | v | |
| | | | 2mg | v | v | | v | |
| 87 | Rotavirus Vaccine | Injection | 1.5ml | v | v | | | v |
| 88 | Salbutamol | Solution for nebulization | 1mg/ml of 15 ml | v | v | v | | |
| | | Oral Liquid | 2mg/5ml | v | v | v | | |
| | | MDI | 100mcg | v | v | | v | |
| 89 | Silver sulfadiazine | Cream | 0.2% w/v 15g | v | v | v | | |
| 90 | Tetanus diphtheria (Td) booster vaccine | Injection | 0.5ml/dose | v | v | | | v |
| 91 | Tetanus Toxoid (TT) | Injection | 0.5ml /dose | v | v | | | v |
| 92 | Tetracycline | Eye ointment | 1%, 5g | v | v | v | | |
| 93 | Tinidazole | Tablet | 500mg | v | v | v | | |
| 94 | Sodium Valproate | Tablet | 200mg | | v | | v | |
| 95 | Vitamin A | Capsule | 200,000 IU | v | v | | | v |
| | | | 50,000 IU | v | v | | | v |
| 96 | Vitamin B complex | Tablet | Thiamine10mg, riboflavin 10mg,pyridoxie 3mg,cyanocobalamin 15 mcg. (Therapeutic dose ) | v | v | v | | |
| 97 | Vitamin K1 | Injection | 1mg/0.5 ml | v | v | | √ | |
| 98 | Zinc sulphate | Dispersible Tablets | 10mg | v | v | v | | |
| | | | 20mg | v (IMNCI) | v | v | | |
| | | | | | | | | |

## औषधिजन्य सामाग्री/ उपकरणको सूची

| औषधिजन्य सामाग्रीहरु | | | | उपलब्ध हुनुपर्ने स्वास्थ्य सस्थाहरु | | खरिद तथा वितरणका लागि जिम्मेबार निकाय | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | सामाग्रीको नाम | ईकाई | तौल/आयतन (Specification) | आधारभूत स्वास्थ्य सेवा केन्द्र / स्वास्थ्य चौकी | आधारभुत अस्पताल / प्राथमिक स्वास्थ्य सेवा केन्द्र | स्थानीय सरकार | प्रादेशिक सरकार | सङ्घीय सरकार |
| 1 | Absorbent Cotton | Roll | Net 400g | v | v | v | | |
| 2 | Adhesive Tape | rolls | 4" | v | v | v | | |
| 3 | Bandage | Than | 18m*90cm | v | v | v | | |
| 4 | Catgut | Pkt | catgut 2.0 | v | v | v | | |
| 5 | Chlorine Powder | Pkt | 200g/shachet | v | v | v | | |
| 6 | Condom (Male) | pkt | | v | v | | | v |
| 7 | Disposable syringe | Pcs | 3ml,5ml | v | v | v | | |
| 8 | Gauze | Than | 18m*90cm | v | v | v | | |
| 9 | I and D set | pkt | | v | v | v | | |
| 10 | IV cannula | Pcs | 18/20/24 gaz | v | v | v | | |
| 11 | Iv Set | Pcs | Different Size | v | v | v | | |
| 12 | Phenol | Bottles | 500ml | v | v | v | | |
| 13 | Rectified Spirit | Bottle | 500ml | v | v | v | | |
| 14 | Rubber Catheter | Pcs | Different Size | v | v | v | | |
| 15 | Silk | pkt | silk 2.0 | v | v | v | | |
| 16 | Surgical Blade | Pcs | Different Size | v | v | v | | |
| 17 | Surgical Gloves (Disposal) | Pairs | 6.5/7 | v | v | v | | |
| 18 | Suture Set | Pkt | | v | | v | | |

शाखा प्रमुख

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

# अनुसूची २

स्थानीय तहमा 'अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यविधि, २०७७' मा उल्लेख भएको "*स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुधिढीकरण समिति*" का सदस्यहरू देहाय बमोजिम रहनेछन्।

| | | |
|---|---|---|
| क) | प्रमुख वा निजले तोकेको जनप्रतिनिधि, महा/उप/नगरपालिका/गाउँपालिका- | **संयोजक** |
| ख) | प्रमुख प्रशासकीय अधिकृत, महा/उप/नगरपालिका/ गाउँपालिका- | सदस्य |
| ग) | समितिले चयन गरेको स्थानीय तह अन्तर्गतको सरकारी अस्पतालका प्रमुख- | सदस्य |
| घ) | समितिले चयन गरेको महा/उप/नगरपालिका/गाउँपालिकाको कार्यालय रहेको वडाको वडाध्यक्ष- | सदस्य |
| ङ) | समितिले चयन गरेको महा/उप/नगरपालिका/गाउँपालिकाको महिला वडा सदस्य मध्येबाट एक जना- | सदस्य |
| च) | समितिले चयन गरेको उपभोक्ता मञ्चको प्रतिनिधि मध्येबाट एक जना - | सदस्य |
| छ) | प्रमुख, स्वास्थ्य महाशाखा वा शाखा, महा/उप/नगरपालिका/ गाउँपालिका- | सदस्य-सचिव |

शाखा प्रमुख

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं